Volume 3

Annex 3.21a: Mid-Western University
Autonomous By-laws 2075;
Formation, Function of Academic
Committee, (pp 10-12).

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

# स्वायत्तता सम्बन्धी नियमावली, २०७५

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरुसंगको सहकार्यमा विभिन्न परियोजना, शैक्षिक कार्यक्रम वा अनुसन्धान कार्यक्रम संचालन गर्ने सम्झौता गर्न स्वीकृति दिने,यसको जानकारी सञ्चालक परीषद र विश्वविद्यालय कार्यकारी परिषदलाई दिने,

(१३) छात्रवृत्ति, पदक र पुरस्कारहरुको व्यवस्था गर्ने र तिनीहरुको वितरणको आवश्यक प्रक्रिया निर्धारण गर्न सञ्चालक परिषदमा सिफारिश गर्ने,

(१४) विद्यार्थीहरुको लागि विभिन्न खेलकुद र कल्याणकारी कार्यक्रमको व्यवस्था र संचालन गर्ने, सम्बन्धी नीति तयार गरी सञ्चालक परिषदबाट स्वीकृत गराई क्रमशः कार्यान्वयन गर्दै जाने,

(१५) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत थप शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने दरवन्दी स्वीकृत गर्ने,

(१६) विद्यार्थीहरुको शिक्षण र अन्य शुल्क तोक्ने,

(१७) विभिन्न परिषद, समिति, कार्यटोली आदिको बैठक भत्ता वा अन्य आर्थिक सुविधा तोक्ने,

(१८) तोकिए वमोजिमका अन्य कामहरु गर्ने ।

(१९) व्यवस्थापन परिषद सञ्चालक परिषद प्रति उत्तरदायी हुने छ ।

## परिच्छेद- ५

### प्राज्ञिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१२. प्राज्ञिक समितिको गठनः-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा अध्यापन गरिने विभिन्न विषयहरुको शिक्षण र प्रशिक्षण, अनुसन्धान पाठ्यक्रम निर्माण तथा परीक्षा संचालन जस्ता प्राज्ञिक क्रियाकलापलाई समय सापेक्ष र स्तरीय वनाउन आवश्यक नीति निर्धारण गर्न र कार्यान्वयन गर्न आवश्यक राय परामर्श प्रदान गर्नका लागि क्याम्पस वा निकायमा एक प्राज्ञिक समिति रहने छ ।

(२) प्राज्ञिक समितिको गठन देहाय वमोजिम हुने छः-

(क) स्वायत्तता प्राप्त क्याम्पस वा निकायक प्रमुख -संयोजक

(ख) क्याम्पस वा निकायका विभागीय प्रमुखहरु -सदस्य

(ग) उपकुलपतिद्वारा मनोनित एक जना -सदस्य

(घ) क्याम्पस वा निकायका प्राध्यापक वा सह प्राध्यापक मध्येवाट सम्बन्धित संकायका डीनले तोकेको प्रतिनिधी तीन जना -सदस्य



(ङ) क्याम्पस वा निकायमा सञ्चालित कार्यक्रमसंग सम्बन्धित विश्वविद्यालय बाहिरका विज्ञहरु तीन जना -सदस्य

(च) विश्वविद्यालय प्राज्ञिक परिषदले तोकेको प्रतिनिधि सदस्य एक जना -सदस्य

(३) उपनियम (२) खण्ड (ङ) वमोजिमका सदस्यहरुको मनोनयन डीन वा प्रमुखको सिफरिशमा उपकुलपतिले गर्ने छ ।

(४) प्राज्ञिक समितिको सचिवको रुपमा काम गर्न समितिका संयोजकले कुनै सदस्यलाई तोक्ने छ ।

(५) प्राज्ञिक समितिको पदावधि दुई वर्षको हुने छ ।

(६) प्राज्ञिक समितिको बैठकमा उपस्थित भएका अध्यक्ष र सदस्यलाई व्यवस्थापन परिषदले तोके वमोजिमको भत्ता पाउने छ ।

**१३. प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकारः-** प्राज्ञिक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छः-

(१) कुनै नयां शैक्षिक कार्यक्रम संचालन गर्न प्राप्त प्रस्तावको अध्ययन र मूल्यांकन गरी सो कार्यक्रमको लागि आवश्यक हुने जनशक्तिको आपूर्ति र पूर्वाधार विकासको योजना समेतलाई अध्ययन र मूल्यांकन गरी उपयुक्त देखिएमा व्यवस्थापन परिषद मार्फत सञ्चालक परिषदमा सिफरिश गर्ने,

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा अध्यापन गरिने विषयहरुको अध्ययन, अनुसन्धान र प्रशिक्षणको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्ने,

(३) क्याम्पस वा निकायमा अध्यापन र प्रशिक्षण गरिने विषयहरुमा विद्यार्थी भर्ना गर्न चाहिने योग्यता र भर्ना हुने आधार विश्वविद्यालय प्राज्ञिक परिषदले सो कार्यको लागि तोकेको योग्यता भन्दा कम नहुने गरी निर्धारण गर्ने,

(४) क्याम्पस वा निकायलाई उच्च शिक्षाको उत्कृष्ट केन्द्रको रुपमा विकसित गर्न व्यवस्थापन परिषदलाई परामर्श दिने,

(५) क्याम्पस वा निकायको वार्षिक शैक्षिक कार्य तालिका, शैक्षिक कार्यक्रम र विद्यार्थी भर्ना सम्बन्धी नीति निर्धारण गर्न सञ्चालक परिषदलाई परामर्श दिने,

(६) पठन - पाठनको शैक्षिक वातावरण सुधार्ने र अनुशासन कायम गर्ने लगायत अरु प्राज्ञिक कुरामा समय समयमा क्याम्पस वा निकायको वस्तुस्थितिको समीक्षा गर्ने र आवश्यक सुधार गर्न सिफरिशा गर्ने ।

(७) क्याम्पस वा निकायमा संचालन गरिने शैक्षिक कार्यक्रमहरुको पाठ्यक्रममा समय सापेक्ष परिमार्जन वा नयां पाठ्यक्रम निर्माणको लागि सम्वन्धित विषय क्षेत्रका विश्वविद्यालय सेवा वाहिर रहेका विशेषज्ञहरु समेत समावेश गरी एक उपसमिति गठन गरी सो

समितिबाट प्रस्तावित पाठ्यक्रमको मस्यौदा प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउनेर पाठ्यक्रमको मसौदा प्राप्त भए पछि बैठकमा छलफल गरी आवश्यक निर्णय गर्ने,

(८) क्याम्पस वा निकायबाट अनुसन्धान र विकास तथा प्रसार सेवा (Research & Development and Extension Services) संचालन गर्न आवश्यक परामर्श दिने,

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य संघ, संस्थाहरुसंग विभिन्न परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयको लागि सहयोग प्राप्त गर्न व्यवस्थापन परिषदलाई आवश्यक परामर्श दिने,

(१०) तोकिए वमोजिम अन्य कार्य गर्ने,

## परिच्छेद- ६

### आर्थिक समितिको गठन तथा काम कर्तव्य र अधिकार

१४. **आर्थिक समितिको गठन:-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायमा संचालन भएका वा नयां संचालन गर्न थालिएका शैक्षिक कार्यक्रमहरुको संचालनको लागि वार्षिक कार्यक्रम र वजेट तयार गर्न र आर्थिक गतिविधिसंग सम्बन्धित अन्य कार्य गर्न एक आर्थिक समिति रहने छ।

(२) आर्थिक समितिको गठन देहाय वमोजिम हुने छ:

(क) सम्बन्धित क्याम्पस वा निकाय प्रमुख -अध्यक्ष

(ख) विश्वविद्यालय कार्यकारी परिषदबाट मनोनित एक जना -सदस्य

(ग) संचालक परिषदबाट मनोमित एक जना -सदस्य

(घ) विश्वविद्यालय केन्द्रीय कार्यालयका लेखा प्रमुख -सदस्य

(ङ) क्याम्पस वा निकायको प्रशासन प्रमुख -सदस्य

(च) सम्बन्धित क्याम्पस वा निकायको लेखा प्रमुख -सदस्य- सचिव

(३) उपनियम (२) को खण्ड (ख) र खण्ड (ग) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ।

(४) आर्थिक समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको समय, मिति र स्थानमा वस्ने छ।

(५) बैठकमा आवश्यकतानुसार कुनै व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ।

(६) बैठकमा उपस्थित अध्यक्ष, सदस्य र सदस्य सचिव र आमन्त्रित व्यक्तिले व्यवस्थापन परिषदबाट तोकिए वमोजिम बैठक भत्ता पाउने छ।



१५. **आर्थिक समितिको काम, कर्तव्य र अधिकार:-** आर्थिक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ:-

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको वार्षिक वजेट र कार्यक्रम तर्जुमा गरी व्यवस्थापन परिषदमा पठाउने,

(२) तलव, भत्ता तथा लगानी नीति तर्जुमा गरी व्यवस्थापन परिषदमा पठाउने,

(३) क्याम्पस वा निकायमा कार्यरत शिक्षक र कर्मचारीलाई तलव भत्ता वाहेक अन्य आर्थिक प्रोत्साहन दिन व्यवस्थापन परिषदमा सिफारिश पठाउने,

(४) विद्यार्थीको शिक्षण शुल्क, परीक्षा शुल्कका अतिरिक्त अन्य शुल्कहरु तोक्न व्यवस्थापन परिषदलाई परामर्श दिने,

(५) परीक्षा सम्बन्धी कार्यमा संलग्न हुने विज्ञ, प्राश्निक, संपरिक्षक आदि कार्यमा संलग्न शिक्षक, कर्मचारीले पाउने पारिश्रमिक निर्धारण गर्न परामर्श दिने,

(६) तोकिएका अन्य कार्यहरु गर्ने।

१६. **कोषको व्यवस्था:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकायको एक छुट्टै कोष रहने छ। सो कोषमा देहाय वमोजिम रकमहरु रहने छन्:-

(१) विभिन्न शुल्कबाट उठेको रकम।

(२) दान, दातव्य र सहायता अन्तर्गत प्राप्त हुने रकम।

(३) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त हुने रकम।

(४) प्रोजेक्ट, कन्सल्टयान्सी, अनुसन्धान, कार्यशाला, समारोह आयोजना सम्बन्धी कार्यहरुबाट प्राप्त रकम।

(५) आन्तरिक स्रोत परिचालन गरी प्राप्त भएको आय रकम।

(६) आन्य स्रोतबाट प्राप्त रकम।

१७. **कोषको खाता संचालन:-** (१) आवश्यकतानुसार वाणिज्य बैंकमा क्याम्पस वा निकायको नाममा आय र व्ययको छुट्टा - छुट्टै खाता खोल्न सकिने छ।

(२) आयको खाता क्याम्पस वा निकाय प्रमुख र संचालक परिषदको अध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने छ।

(३) आय खाताबाट आवश्यकता अनुसार रकम व्यय खातामा सारिने छ।